# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ १ गते २०३८ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३८।३।१८ को निर्णयानुसार शाही नेपाली सेना, प्रहरी तथा निजामतीसमेत सबै कर्मचारीहरूलाई श्री ५ को सरकारको तर्फबाट खर्च व्यहोर्नु पर्ने गरी तालीममा पठाउँदा मिति २०३८।४।१ देखि देहायबमोजिम गर्ने व्यवस्था गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

(क) तालीम दिने सरकार वा संस्थाले कुनै खर्च नव्यहोर्नेमा तालीम लिने मुलुकमा पुगेका दिनदेखि पहिलो १५ दिनसम्म प्रचलित दैनिक भ्रमण भत्ताको नियमानुसार भत्ता पाउनेछ । त्यस उप्रान्त अर्थात सोऱ्हौं दिनदेखि देहायबमोजिम पाइनेछ ।

१. भारतमाः–

(क) राजपत्रांकित कर्मचारीलाई मासिक यू. एस. डलर– १०७।–

(ख) राजपत्र अनंकित कर्मचारीलाई " " ८०।–

२. पाकिस्तान, बंगलादेश, बर्मा र श्रीलङ्कामाः–

(क) राजपत्रांकित कर्मचारीलाई मासिक यू. एस. डलर– १४४।–

ख) राजपत्र अनंकित कर्मचारीलाई " " १०८।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उत्तर अमेरिका (संयुक्त राज्य अमेरिका), केनेडा, दक्षिण अमेरिका, मध्य अमेरिका, पश्चिम यूरोप, जापान, अष्ट्रेलिया र न्यूजिल्याण्डमा:–

(क) राजपत्रांकित कर्मचारीलाई मासिक यू. एस. डलर– ४८०।–

(ख) राजपत्र अनंकित कर्मचारीलाई " " ३६०।–

४. माथि (१), (२) र (३) प्रकरणमा परेका बाहेक अन्य सबै मुलुकहरूमा:–

(क) राजपत्रांकित कर्मचारीलाई मासिक यू. एस. डलर– ३००।–

(ख) राजपत्र अनंकित कर्मचारीलाई " " २२५।–

(ग) तालीम दिने सरकार वा संस्थाले खाने वा बस्नेमध्ये एकको मात्र प्रबन्ध गरेमा उक्त दरको आधा मात्र दिइनेछ।

(घ) तालीम दिने सरकार वा संस्थाले खाने र बस्ने खर्चसम्म व्यहोर्ने, अरू कुनै रकम नव्यहोर्ने भएमा उक्त दरको एक-चौथाई ($\frac{1}{4}$) मात्र दिइनेछ।

(ङ) तालीम दिने सरकार वा संस्थाले खाने बस्ने लगायत सम्पूर्ण खर्च व्यहोर्नेमा उपर्युक्त अनुसारको कुनै रकम दिइने छैन।

(च) तालीममा पठाउनुअघि तालीम दिने सरकार वा संस्थाबाट के के खर्च प्राप्त हुने हो सो यकीन गरी मात्र पठाइनेछ।

खण्ड २६, मिति २०३३।१२।८ संख्या ४८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले–
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८